श्री

# उच्च अदालत जनकपुर

## संयुक्त इजलास

**इजलास नं. : ५**

**माननीय न्यायाधीश श्री नरिश्वर भण्डारी**

**माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल**

## आदेश

**नि.नं.: १७३**

**रिट नं.०७९-WO-०५३५**

**रजिष्ट्रेशन नं.- ०६-०७९-०१७०५**

**बिषयः- परमादेशको आदेश जारी गरी पाउँ।**

जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं ५ हाल परिवर्तित ऐ. मलंगवा न.पा. वडा नं ३ मा बस्ने शैलेन्द्र प्रसाद सिंहको श्रीमती शारदा कुमारी (मो.नं.९८६३३३६४४३)..१ } **निवेदक**

**विरुद्ध**

जिल्ला प्रहरी कार्यालय, सर्लाही .................................................................१

ऐ.का कार्यालय प्रमुख .........................................................................१

जिल्ला सरकारी वकीलको कार्यालय, सर्लाही ..................................................१

ऐ.का कार्यालय प्रमुख .........................................................................१

} **विपक्षी**

नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य, यस अदालतको ठहर आदेश र तपसिल यस प्रकार रहेको छः-

### तथ्य खण्ड

१. म निवेदकको एकासगोलको श्रीमान शैलेन्द्र प्रसाद सिंहको नाममा दर्ता रहेको जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ कि.नं. २१८ को ०-१०-० क्षेत्रफल जग्गामा साबिक देखि घर बनाई स्थायी रुपमा हामी मलंगवा नगरपालिकाको वासिन्दा रहेकोमा केही वर्षदेखि

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ मध्यबानेश्वर, कस्तुरी मार्ग स्थित घरमा बसोबास गरी सर्लाही र काठमाडौं दुवै तर्फको घर. धन सम्पत्ति रेखदेख गर्दै आएको थिएँ । यसै क्रममा सर्लाहीको घरजग्गाको रेखदेख गर्नका लागि हेरालु कामदार गंगाधर लाल कर्णलाई राखेकोमा गंगाघर लाल कर्णको मिलोमतोमा मेरो मलंगवा स्थित घरमा रहेको सरसमानहरु मिति २०७९।११।२१ गते चोरी गर्ने उद्देश्य राखेको जानकारी पाई उक्त दिन सर्लाहीको मलंगवा आउँदा मिति २०७९।११।२१ गते दिउँसो ३:०० बजेको समयमा हाम्रो घर भित्र रहेको सम्पूर्ण सामानहरु निज गंगाधर लाल कर्ण लगायतका ७ जना मिली चोरी गरेकोले निजहरुलाई कसूरदार देखाई आफ्नो सही सत्य व्यहोराको जाहेरी दरखास्त दर्ता गर्न मिति २०७९।१२।०७ गते विपक्षी जिल्ला प्रहरी कार्यालय सर्लाही मलंगवामा जाँदा जाहेरी दरखास्त भएन । सो जाहेरी दरखास्त दर्ता गरी चोरी सम्बन्धी कसूरमा कानून बमोजिम अनुसन्धान र तहकिकात गरी पाऊँ भनी मैले नै विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही मलंगवामा जाहेरी दरखास्त दर्ता गराउन जाँदा उक्त वकिल कार्यालयबाट मिति २०७९।१२।१३ गते च.नं. २२१६ को निस्सा दिएको बारेको पत्र म निवेदीका शारदा कुमारीलाई दिइयो। उल्लेखित पत्रमा कसूर अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ६ बमोजिम तपाईलाई दर्ताको निस्सा दिएको व्यहोरा अनुरोध छ भनी उल्लेख गरिएको छ। उक्त नियमावलीको नियम ६(२) मा भएको कानूनी व्यवस्था हेर्दा जिल्ला सरकारी वकिल कार्यालय समक्ष प्राप्त भएको जाहेरी दरखास्त वा सूचना आवश्यक कारवाहीका लागि यथाशिघ्र प्रहरी कार्यालयमा पठाउनु पर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था छ। तर विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, सर्लाहीमा मैंले दिएको जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा आवश्यक कारवाहीको लागि पठाएको छैन। उल्लेखित विपक्षीहरु कानूनद्वारा स्थापित जिम्मेवार निकाय र सो निकायका जिम्मेवार पदाधिकारीहरु हुन्। ती व्यक्तिहरुले गर्ने हरेक गतिविधि, कार्य र क्रियाकलाप कानूनको मर्म एवं भावना अनुकूल नै हुनुपर्छ । विपक्षीहरुले विधिको शासन (Rule of Law) को मर्म र भावना विपरीत आफ्नो कानूनी दायरा र परिधि नाधेर म निवेदकले दिएको जाहेरी दरखास्त अनुसार अनुसन्धान, कारवाही अगाडि नबढाई मेरो जाहेरी दरखास्तलाई निष्कृय बनाउने दुष्प्रयत्न गर्नु भएको हुँदा वाध्य भई अन्य वैकल्पिक कानूनी व्यवस्थाको अभवमा यो रिट निवेदन पत्र लिई न्याय प्राप्तीको लागि यस सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(१) ले अनुसूची -१ मा उल्लेखित कसूको सम्बन्धमा अनुसूची-५ बमोजिमको ढाँचामा जाहेरी दरखास्त दर्ता गराउन जाँदा विपक्षी जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जाहेरी दरखास्त दर्ता गर्न ईन्कार गरेपछि मैंले ऐ. को दफा ५(१) बमोजिम विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही समक्ष जाहेरी दरखास्त दर्ता गराउन गएकोमा सो कार्यालयले ऐ. ऐनको दफा ५(२) बमोजिम जाहेरी

दरखास्त आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा पठाउनु पर्नेमा सो बमोजिम जाहेरी दरखास्त आवश्यक कारवाहीको लागि पठाइएन। यसरी जनताको सेवामा सदैव समर्पित रहने जिल्ला प्रहरी कार्यालय र पीडितलाई न्याय दिलाउने गहन जिम्मेवारी लिएका जिल्ला सरकारी वकिलको कार्यालय सर्लाहीबाट पीडितको जाहेरी दरखास्तलाई नै निष्कृय गरी अपराध अनुसन्धानबाट बिमुख हुन न्यायिक एवं कानूनी दृष्टिबाट किमार्थ मिल्दैन। म निवेदक नेपाली नागरिक भएको हुँदा प्रचलित नेपाल कानून र नेपालको संविधानद्वारा प्रदत्त न्याय सम्बन्धी हक अधिकारबाट वंचित हुनु पर्ने अवस्था छैन । मेरो जाहेरी दरखास्तबाट अपराधको अनुसन्धान नगरी मलाई ज्यादै ठूलो अन्याय गरेको अवस्था छ।

अत म निवेदक शारदा कुमारीले दर्ता गराउन लगेको जाहेरी दरखास्त कानून बमोजिम दर्ता गरी यथाशिघ्र सो जाहेरी दरखास्त अनुसार मुद्दाको अनुसन्धान गरी जाहेरी दरखास्तमा उल्लेखित अभियुक्तहरुको विरुद्ध कानून बमोजिम मुद्दा (अभियोग पत्र) दर्ता गर्नु गराउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेशसहित परमादेश जारी गरी न्याय इन्साफ प्रदान गरी पाउँ भन्ने ब्यहोराको शारदा कुमारीको निवेदनपत्र ।

२. यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र विपक्षीहरुले उच्च सरकारी वकिल कार्याल, जनकपुर मार्फत लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू । रिट निवेदनमा अन्तरिम आदेशको माग गरेको सम्बन्धमा विचार गर्दा विषयवस्तुको प्रकृतिबाट प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाईको बखत हुने नै हुँदा हाल अन्तरिम आदेश जारी गरिरहन परेन भन्ने यस अदालतबाट मिति २०७९।१२।२० मा भएको आदेश ।

३. प्रस्तुत रिट निवेदनमा विपक्षी बनाईएका अन्य विपक्षीहरुले आफ्नो हकमा लिखित जवाफ पेश गर्ने नगर्ने अधिकार निजहरुमा नै निहित रहने हुँदा यो लिखित जवाफ यस कार्यालयको तर्फबाट मात्र प्रस्तुत गरिएको छ। विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नुभएको तथ्य व्यहोरामा कुनै सत्यता छैन । विपक्षी रिट निवेदकले गंगाधर कर्ण समेतलाई प्रतिवादी बनाई चोरी सम्बन्धी कसूरमा दिएको जाहेरी दरखास्त जिल्ला हुलाक कार्यालय, सर्लाही मार्फत यस कार्यालयमा प्राप्त हुन आएकोमा उक्त जाहेरी दरखास्त प्राप्त हुनासाथ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५(२) बमोजिम आवश्यक कारबाहीको लागि यस कार्यालयको च.नं. २२१५, मिति २०७९।१२।१३ गतेको पत्रबाट जिल्ला प्रहरी कार्यालय, मलंगवा सर्लाहीमा पठाई यस कार्यालयले कानून बमोजिमको कार्य गरेको

अवस्थामा यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कानूनी आधार र कारण देखिँदैन । निवेदकको जिकिर बमोजिम रिट जारी हुने अवस्था नहुँदा प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने बेहोराको बेहोराको जिल्ला सरकारी वकील कार्यालय सर्लाही र ऐ. का कार्यालय प्रमुखको तर्फबाट पेश भएको लिखित जवाफ ।

४. रिट निवेदक आफै यस कार्यालयमा उपस्थित भई कुनै पनि जाहेरी दरखास्त दिएको देखिदैन। जिल्ला सरकारी वकिल कार्यालय, सर्लाहीको च.नं.२२१५ मिति २०७९।१२।१३ गतेको पत्रसाथ विपक्षी रिट निवेदक शारदा कुमारीको नाउँबाट जिल्ला सर्लाही मलंगवा नगरपालिका वडा नं. ५ भई परिवर्तित ऐ. वडा नं. ३ बस्ने वर्ष ७२ को गंगाधर कर्ण समेत ७ जनालाई बिपक्षी बनाई दिएको चोरी सम्बन्धी कसूरको जाहेरी दरखास्त लगायतका कागजातहरु मिति २०७९।१२।१४ गते यस कार्यालयमा प्राप्त हुन आएको अभिलेखबाट देखिन्छ । हुलाक मार्फत प्राप्त हुन आएको जाहेरी दरखास्त अध्ययन गर्दा जाहेरवाली शारदा देवीले जुन बिगो कायम गरी धन सम्पत्तिहरु चोरी भएको भनी उल्लेख गर्नु भएको छ, त्यति धेरै सामानहरु चोरी गरी लैजान सक्ने सम्भावना असम्भव जस्तै देखिन्छ । रिट निवेदनमा उल्लेखित घटना सम्बन्धमा मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मलंगवाको च.नं. २००८ मिति २०८०।०१।०६ गतेको पत्रसाथ प्राप्त निर्णयमा शारदा प्रसाद सिंह र शैलेन्द्र प्रसाद सिंहले गंगाधर कर्ण समेतलाई विपक्षी बनाई मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मलंगवाको न्यायिक समितीमा निवेदन दिएकोले सो सम्बन्धमा दुबै पक्षका मानिसहरु बसी छलफल गर्दा मेलमिलाप हुन नसकेको हुँदा यस सम्बन्धमा पक्ष विपक्षीका प्रमाण कागजातहरु समेतबाट उजुरीकर्ताहरु शारदा प्रसाद सिंह र शैलेन्द्र प्रसाद सिंहको बिवादित घर जग्गाहरु हकभोग, स्वामित्व कायम रहेको नपाईएकोले उजूरी निवेदन दिन हकदैया नै नभएकोले उजुरी निवेदन खारेज हुने ठहर्छ भनी स्थानीय न्यायिक समितिबाट निर्णय भएको देखिन्छ। माथि उल्लेखित आधार र प्रमाणहरुबाट निज शारदा कुमारीले हुलाक मार्फत पठाएको जाहेरी दरखास्तको व्यहोरामा कुनै सत्यता नरहेकोले उक्त मुद्दा दर्ता गर्नु पर्ने अबस्था नरहेको हुँदा बिपक्षी रिट निवेदकले यस कार्यालय समेतलाई विपक्षी बनाई सम्मानित अदालतमा झुठ्ठा एवं कपोलकल्पित व्यहोरा दर्शाई दिएको रिट निवेदन वदर भागी छ, खारेज गरी पाउँ भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय सर्लाही र ऐ. कार्यालयका कार्यालय प्रमुखको तर्फबाट पेश भएको लिखित जवाफ।

५. निवेदकले प्रत्यर्थी बनाएका ब्यक्ति बाहेक निवेदनको पेटबोलीबाट निवेदक समेतको प्रस्तुत रिटको विषयबस्तुसँग प्रत्यक्ष सरोकार र हक गाँसिएकोले सुनुवाइमा संलग्न गराई प्रतिरक्षाका लागि कानून ब्यवसायी नियुक्त गर्न अनुमति प्रदान गरी पाउँ भन्ने गंगाधरलाला कर्ण कायस्तको तर्फबाट २०८०।१।१९ मा यस अदालतमा पेश भएको निवेदन मिसिल संलग्न रहेको ।

६. यसमा सर्लाही जिल्ला मलंगवा नगरपालिका न्यायीक समितिबाट भएको मिति २०७९।१२।१४ गतेको निर्णय मिसिल झिकाई नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०८०।५।१२ मा भएको आदेश ।

**ठहर आदेश खण्ड**

७. नियम बमोजिम सप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिटमा निवेदनपत्र सहितको मिसिल र प्रमाण मिसिल समेत अध्ययन गरियो ।

८. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विनोद कुमार शर्मा र विद्वान अधिवक्ता श्री मुकेश कुमार कार्कीले निवेदकले दिएको जाहेरी विपक्षी प्रहरी कार्यालयले दर्ता वा दरपिठ गर्न इन्कार गरी जिल्ला सरकारी वकिल कार्यालयमा दर्ता गरी सो कार्यालयबाट जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारवाहीको लागि चलान गरेकोमा सो दरखास्तमा कुनै कारवाही नगरी कानूनले तोकेको कर्तब्य बहन नगरेकोले कानून बमोजिम निवेदकले दर्ता गर्न ल्याएको जाहेरी दरखास्त दर्ता गरी प्रकृया अगाडि बढाउन विपक्षीका नाउमा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भनी बहश प्रस्तुत गर्नु भयो। विपक्षी तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय जनकपुरका विद्वान सहायक न्यायाधिवक्ता श्री धर्मेन्द्र दासले निवेदकले सरकारी वकिल कार्यालयमा दर्ता गरेको जाहेरीलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाइएकोमा जाहेरीमा उल्लिखित विषय अशान्दर्भिक भई कुनै कारवाही गर्नुपर्ने अवस्थाको नभएकोले सोही ब्यहोराको जानकारी निवेदकलाई दिएकोले निवेदकको माग बमोजिमको आदेश जारी नभै रिट खारेज हुनु पर्छ भन्ने ब्यहोराको बहश गर्नु भयो । यस अदालतको अनुमतिले सरोकारवाला गंगाधरलाल कर्ण कायस्तको तर्फबाट विद्वान अधिबक्ता श्री पंकज कुमार कर्णले निवेदकले प्रस्तुत निवेदन र जाहेरीमा उल्लिखित चोरी भएको घर नै निवेदकको हकभोगमा नरहेको अदालतबाट भएका अन्तिम फैसला र न्यायिक समितिको निर्णय समेतबाट पुष्टि भएको र सोही घरबाट चोरी भएको भनिएको विषय नै तथ्यसम्मत र विश्वसनीय नभएको कारणले जाहेरीमा कुनै कारवाही हुन नसकेको हो । झुठा र फरेवी जाहेरीका आधारमा शंकित ब्यक्तिहरुलाई अनावश्यक तनाव हुने र निजहरुको वैयक्तिक स्वतन्त्रतामा गंभीर आघात हुने अवस्था हुँदा निवेदकको माग बमोजिमको आदेश जारी नभै रिट खारेज हुनु पर्छ भनी गर्नु भएको बहश समेत सुनियो ।

९. उपरोक्त तथ्य र बहश बुँदा रहेको प्रस्तुत रिटमा निवेदकको माग बमोजिम परमादेश जारी हुनु पर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णय तर्फ विचार गर्दा, यी निवेदकको सर्लाहीको घरजग्गाको रेखदेख गर्नको लागि राखेको हेरालु कामदार समेतको मिलेमतोमा निजको मलंगवा स्थित घरमा रहेकf सरसामानहरु चोरी गरेको सम्बन्धमा विपक्षी प्रहरी कार्यालयमा जाहेरी दर्ता गर्न खोजेकोमा सो जाहेरी दर्ता वा

दरपिठ केही नगरेकोले जिल्ला सरकारी वकिल कार्यालयमा उजुरीसहित जाहेरी दर्ता गरेको र त्यसमा आवश्यक कारवाही गर्न सो कार्यालयबाट निर्देशनसहित जिल्ला प्रहरी कार्यालयमा प्रेषित भएकोमा कुनै कारवाही नै नभएकोले निवेदकले दिएको जाहेरी दर्ता गरी कानून बमोजिमको काम कारवाही अगाडि बढाउन परमादेश जारी हुनु पर्ने भन्ने निवेदनमा दावी लिएको र निवेदक जाहेरी दरखास्त दर्ता गर्न नआएको र रिट निवेदकले गंगाधर कर्ण समेतलाई प्रतिवादी बनाई चोरी सम्बन्धी कसूरमा दिएको जाहेरी दरखास्त जिल्ला हुलाक कार्यालय, सर्लाही मार्फत विपक्षीहरु कार्यालयमा प्राप्त हुन आएको र उक्त जाहेरी दरखास्त प्राप्त हुनासाथ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५(२) बमोजिम आवश्यक कारबाहीको लागि जिल्ला सरकारी वकील कार्यालय मलंगवा, सर्लाहीको च.नं. २२१५, मिति २०७९।१२।१३ को पत्र जिल्ला प्रहरी कार्यालय, मलंगवा सर्लाहीमा पठाई कानून बमोजिमको कार्य गरेको र हुलाक मार्फत प्राप्त हुन आएको जाहेरी अध्ययन गर्दा जाहेरवाली शारदा देवीले चोरी भएको भनी उल्लेख गर्नु भएको धन सम्पत्तिहरु र बिगो बमोजिमको सामानहरु चोरी गरी लैजान असम्भव जस्तै देखिएको र उजुरीकर्ताहरु शारदा प्रसाद सिंह र शैलेन्द्र प्रसाद सिंहको बिवादित घर जग्गामा हकभोग, स्वामित्व कायम नरहेकोले हकदैया बिहिन उजुरी निवेदन खारेज हुने ठहर्छ भनी स्थानीय न्यायिक समितिबाट निर्णय भएको समेतका आधार प्रमाणहरुबाट निज शारदा कुमारीले हुलाक मार्फत पठाएको जाहेरी दरखास्तको व्यहोरामा कुनै सत्यता नरहेकोले उक्त मुद्दा दर्ता गर्नु पर्ने अबस्था नरहेको भन्ने जिल्ला प्रहरी कार्यालयको लिखित जवाफ रहेको पाइन्छ।

११. निवेदकले चोरीको कसूरका सम्बन्धमा जाहेरी दर्खास्त दर्ता गर्न खोजेकोमा दर्ता वा दरपिठ नभएको कारणले हुलाक मार्फत सो दर्खास्त प्रेषित गरेको र सो दरखास्त जिल्ला सरकारी वकिल कार्यालय सर्लाही मार्फत जिल्ला प्रहरी कार्यालय सर्लाहीमा प्राप्त भएको भन्ने तथ्यमा कुनै विवाद रहेको छैन ।मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ४ मा कसूरको जाहेरी दरखास्त वा सूचना दिनु पर्ने सम्बन्धी ब्यवस्था रहेको छ।अनुसूची १ मा उल्लिखित सरकारवादी हुने मुद्दासँग सम्बन्धित कसूरको जानकारी हुने ब्यक्तिले सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची ५ बमोजिमको ढाँचामा यथाशीघ्र नजिकैको प्रहरी कार्यालयमा दिनु पर्ने, त्यस्तो जाहेरी वा सूचना ब्यक्ति आफैले सम्बन्धित प्रहरी कार्यालयमा आफै उपस्थित भई दिएमा वा हुलाक वा कुनै ब्यक्ति मार्फत पठाएमा वा विद्युतीय माध्यमबाट सूचना दिएमा त्यस्तो प्रहरी कार्यालयले जाहेरी दरखास्त वा सूचना दर्ता गरी निजलाई अनुसूची ६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्ने, सो दरखास्त हुलाक वा विद्युतीय माध्यमबाट प्राप्त सूचनाको विश्वसनीयता एकिन गर्नु पर्ने भएमा त्यस्तो सूचना दिने ब्यक्तिलाई प्रहरी कार्यालयले सनाखत गराउन सक्ने, त्यस्तो कसूर भएको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची

७ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्ने भन्ने उल्लेख भएको पाइन्छ । दफा ५ मा सो जाहेरी वा सूचना दर्ता नगरेमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचनासहित उजुर गर्न सक्ने,त्यस्तो उजुर प्राप्त भएमा सम्बन्धित सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारवाहीका लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने र त्यसरी प्राप्त हुन आएको जाहेरी वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरी कारवाही गर्नु पर्ने भन्ने उल्लेख भएको छ । उक्त संहिताकै दफा ११ मा भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने ब्यवस्था समेत रहेको छ ।

१२. माथि उल्लिखित ब्यवस्था अन्तर्गत निवेदकको सर्लाही मलंगवा स्थित घरबाट सामानहरु चोरी भएको कसूरको जाहेरी विपक्षी प्रहरी कार्यालयमा दर्ता गर्न खोजेकोमा दर्ता गर्न इन्कार गरेकोले हुलाक मार्फत प्रेषित गरेको, त्यसलाई प्रहरी कार्यालयले दर्ता गरी आवश्यक कारवाही नगरेको र जिल्ला सरकारी वकिल कार्यालयमा समेत उजुरी गरेकोमा सो कार्यालयबाट जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारवाहीका लागि प्रेषित गरेकोमा कुनै कारवाही हुन नसकेको भनी निवेदनमा उल्लेख गरेको देखिएको छ । प्रहरी कार्यालयको लिखित जवाफले जाहेरी दरखास्त सो कार्यालयमा हुलाक मार्फत प्राप्त भएकोमा जाहेरी दरखास्तको व्यहोरामा कुनै सत्यता नरहेकोले उक्त मुद्दा दर्ता गर्नु पर्ने अबस्था नरहेको भन्ने देखाएको छ । यसबाट विपक्षी प्रहरी कार्यालय निवेदकले दिएको कसूरको सूचनामा जानकार रहेको भन्ने प्रस्ट देखिन्छ। विपक्षी प्रहरी कार्यालयबाट स्वभाविक रुपमा जाहेरी दर्ता भएमा हुलाकबाट प्रेषित गर्नु पर्ने वा सरकारी वकिल कार्यालयमा उजुरी गरी जाहेरी प्रेषित गराउनु पर्ने अवस्था नै आउदैन । सरकारी वकिल कार्यालय मार्फत जाहेरी प्राप्त भएपछि त्यसमा कानून बमोजिमको आवश्यक कारवाही गर्नुपर्ने कानूनी दायित्व सम्बन्धित प्रहरी कार्यालयको हुन्छ । सजिलोसँग र निशुल्क रुपमा नै सम्पन्न हुनसक्ने काम र विषयका लागि कानून ब्यवसायीको सहयोगमा निवेदकले यस अदालतमा परमादेशको निवेदन दायर गर्नु पर्ने निजको रहर र कानूनी मजाकको विषय पक्कै पनि होइन होला।

१३. हाम्रो फौजदारी न्याय प्रणाली प्रकृयात्मक पद्धति(Due Process Model )र स्वच्छ सुनुवाईको सिद्धान्त (Principle of Fair Trial) मा आधारित छ । फौजदारी न्याय सम्वद्ध अधिकारीहरुले यी पद्धतिले अंगिकार गरेका मूलभूत मान्यतालाई अनुशरण गरी अआफ्नो क्षेत्रमा कार्यसम्पादन गर्नु पर्ने हुन्छ । कुनै कसूरको सूचना प्राप्त भएपछि त्यसको छानविन र जाँचबुझको प्रकृया कानूनद्धारा नै निर्धारित छ । सूचनामा उल्लिखित शंकित ब्यक्तिहरुलाई सबै अवस्थामा पक्राउ गरी छानविन र अनुसन्धान हुनु पर्ने भन्ने पनि छैन । गैर हिरासतीय उपाय प्रयोग गरी कुनै कसूरको सूचना वा जाहेरीमा उल्लिखित ब्यक्तिहरुलाई बुझी सूचनादाताले दावी गरेको विषयमा

सत्यासत्य गर्नु गराउनु आवश्यक हुन्छ । हाम्रो फौजदारी न्याय प्रणालीमा यस्तो अभ्यास नभएको पनि होइन । आफूसँग प्राप्त सूचनाका उपर कानूनले तोकेको प्रकृया नै पूरा नगरी निवेदकले दिएको सूचना सत्यतामा आधारित नरहेको भनी निष्कर्षमा पुग्न मिल्दैन । कानूनमा विभिन्न विकल्पसहित कार्य सम्पादन गर्नु पर्ने वाध्यात्मक ब्यवस्था रहेकोमा ती ब्यवस्थाको प्रतिकूल वा अनादर हुने गरी इन्कार गर्ने छुट विपक्षी प्रहरी कार्यालयलाई हुन सक्तैन।

१४. कानूनले तोकेको प्रकृया पूरा नगरेको वा आंशिक रुपमा सम्पन्न गरेको अवस्थामा पनि कानूनी कर्तब्य बहन नगरेको मानिन्छ । यसरी कानूनी कर्तब्य बहन नगरेको वा गर्न इन्कार गरेको वा विलम्व गरेको अवस्थामा सम्वद्ध सार्वजनिक पदाधिकारी वा कार्यालयका विरुद्धमा सो कार्य सम्पादन गर्न गराउन वा कानूनी कर्तब्य बहन गराउन परमादेशको उपचार आवश्यक हुन्छ । विपक्षी जिल्ला सरकारी वकिल कार्यालयले आफ्नो कर्तब्य आंशिक रुपमा वहन गरेको देखिए पनि आफूले प्रेषित जाहेरीमा कानून बमोजिम आवश्यक कारवाही भए नभएको अनुगमन गर्ने र नभएको देखिएमा कानून बमोजिम गर्न निर्देशन दिने दायित्व वहन गर्न सकेको देखिंदैन । निवेदकले विपक्षीबाट कानूनमा उल्लिखित कर्तब्य बहन नगरेको कारणले सो कर्तब्य वहन गराउन आवश्यक र उपयुक्त उपचार माग गरेको र निजको माग जायज र कानून सम्मत नै हुँदा निवेदकले दिएको जाहेरी दरखास्तको आवश्यक कारवाही र कानूनसम्मत निकासका लागि विपक्षीका नाउमा परमादेश जारी हुनु पर्ने अवस्थाको विद्यमानता देखियो ।

१५. अतः माथि उल्लिखित आधार र कारणहरूबाट निवेदकले दिएको जाहेरी सनाखत गर्न आएमा सनाखत गराई कानून बमोजिम निकासा दिनु भनी विपक्षीहरुको नाउमा परमादेश जारी हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू ।

**तपसील**

- माथि ठहर आदेश खण्डमा उल्लेख भए अनुसार निवेदकले पेश गरेको जाहेरी सनाखत गर्न आएमा सनाखत गराई कानून बमोजिमको निकासा दिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी हुने ठहर भएकोले यो आदेश बमोजिम गर्नु गराउनु भनी प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षी जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई पठाई दिनू ।
- आदेशको प्रतिलिपिसहित प्रस्तुत रिटमा अन्तिम आदेश भएको जानकारी उच्च सरकारी वकील कार्यालय, जनकपुरलाई दिनू।
- सरोकारवालाले आदेशको नक्कल माग गरेमा उच्च अदालत नियमावली,२०७३ को परिच्छेद १२ को प्रक्रिया पूरा गरी नक्कल दिनू ।
- प्रस्तुत आदेशको विद्युतीय प्रति अदालतको मुद्दा ब्यवस्थापन सफ्टवेयरमा अपलोड गरी आदेशको पिठमा जनाउनू।

- प्रस्तुत आदेश प्रमाणीकरण भएपछि यस अदालतको वेभसाइट र सूचनापाटीमा विवरण प्रकाशित गर्नू ।
- प्रस्तुत रिट दायरीको लगत कट्टा गरी निवेदनपत्र सहितको रेकर्ड मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू ।

(नरिश्वर भण्डारी)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

**आदेश तयार गर्न सहयोग गर्नेः**
इजलास अधिकृतः- जनार्दन घिमिरे
कम्प्युटर अपरेटरः- सुभाष चौधरी
**इति सम्वत् २०८० साल फागुन महिना ८ गते रोज ३ शुभम् .........................................।**

आदेश प्रमाणीकरण मितिः २०८१।१। न्यायाधीश अदालतको छाप